**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**अनुसूची – १४**

सोल्टी होटल लिमिटेडको २०७९ पौष मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

## १. वित्तीय विवरण

कम्पनीको हिसाव किताव इश्वी सम्वत् (अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुँदा कम्पनीका आर्थिक विवरणहरुको हकमा आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को १७ जुलाई २०२२ देखि ३१ डिसेम्बर २०२२ सम्मको अवधिका आर्थिक विवरण प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
आर्थिक वर्ष २०७९/८० अन्तर्गत कम्पनीको ३१ डिसेम्बर २०२२ मा समाप्त (१७ जुलाई २०२२ देखि ३१ डिसेम्बर २०२२ सम्म)मा समाप्त दोश्रो त्रैमासिक अवधिको बैधानिक लेखापरीक्षण हुनु पूर्वका (अन्तिम लेखापरीक्षण हुन बांकी) तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ ।
दोश्रो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधि, (३१ डिसेम्बर २०२२) मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | दोश्रो त्रैमासिक अवधि ३१ डिसेम्बर २०२२ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि ३० सेप्टेम्बर २०२२ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत बर्षको त्रैमासिक अवधि ३१ डिसेम्बर २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पुंजीको अनुपात | ०.०३ | ०.०४ | ०.१५ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.१३ | ०.०६ | ०.०३ |
| प्रति शेयर आम्दानी (रु.) | २.९८ | १.३३ | ०.५८ |
| प्रति शेयर नेटवर्थ (रु.) | २३.५१ | २१.८५ | १७.५८ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३१.७८ | २९.७१ | २६.७१ |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | २२२.०० | २०३.०० | २३०.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | ७४.३९ | १५२.७१ | ३९५.२२ |
| चालु अनुपात | १.११ | ०.९१ | ०.६३ |

## २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिकको समीक्षा अवधि २०७९ कार्तिक, मंसिर तथा पौष तीन महिना होटेलको पर्यटकीय व्यावसायीक गतिबिधि तथा क्रियाकलापहरुमा उल्लेख्य रुपमा सुधार भएकोछ । अन्तर्राष्ट्रिय पर्यटक आवागमनमा रिकभरी परिलक्षित भएको छ । कोभिड महामारीको कारण सिथिल अवस्थामा रहेको पर्यटन व्यवसाय विस्तारै पुरानै अवस्थामा फर्किने प्रवल संकेतहरु देखिएका छन् । नेपाल भ्रमणमा आउने भारतीय पर्यटकहरुको संख्यामा समेत महत्वपूर्ण अभिबृद्धि भएको छ । संयुक्त राष्ट्र संघ विश्व पर्यटन संगठनको नवीनतम प्रतिवेदन विश्व पर्यटन ब्यारोमिटरले सन् सम्बत २०२२ को विश्वको अन्तर्राष्ट्रिय पर्यटक आवागमन कोभिड महामारी पश्चात् लगभग ६३% ले बृद्धिको उल्लेख गरेकोछ । बर्ष २०२२ ले पर्यटन खर्चमा बलियो रिवाउन्ड देख्यो, जसको परिणामस्वरुप धेरै गन्तव्यहरुको पर्यटन गतिविधिबाट हुने आयमा पूर्व–महामारी स्तरमा पुगेको छ । पर्यटकहरुले बसाईको लागि तिरेको मूल्यको समुचित उपयोग खोज्ने प्रवृत्ति बढेको छ । चुनौतिपूर्ण अर्थव्यवस्था तथा न्यून आर्थिकोपार्जनका कारण कम खर्च र छिमेकी देशहरुका पर्यटन गन्तव्यहरु पर्यटकहरुको रोजाईमा प्राथमिकतामा पर्ने गरेका छन् ।

सन् २०२२ मा अन्तर्राष्ट्रिय पर्यटन १०२% बढेको छ तथा यो वर्ष ९१ करोड ७० लाख पर्यटकले अन्तर्राष्ट्रिय भ्रमण गरेका छन् । समीक्षा आर्थिक वर्ष २०७९/०८० को पहिलो ६ महिना जुलाई देखि डिसेम्बर २०२२ सम्मको नेपाल सरकार, अध्यागमन विभागको तथ्यांक अनुसार कुल ३७३,२४७ विदेशी पर्यटकहरु नेपाल भित्रिएको तथ्यांकले देखाएको छ । कोभिडबाट प्रभावित नेपालको पर्यटन क्षेत्र सुधारको बाटोमा बढेको आकलन गर्न सकिन्छ ।

पर्यटनको भविश्यको परिदृश्यको सम्बन्धमा विश्लेषण गर्दा अन्तर्राष्ट्रिय पर्यटनले २०२३ मा आफ्नो रिकभरीलाई सुदृढ गर्दै विश्व पर्यटकीय गतिविधिहरुलाई पुर्नस्थापित गरिरहेको छ । आगामी दिनहरुमा विशेष गरी एशिया र प्रशान्त क्षेत्रका गन्तव्य र बजारहरु खुल्दै गर्दा सो क्षेत्रमा पर्यटनको मागको तिब्र अभिबृद्धि हुने अपेक्षा गरिएको छ ।

होटेलको कुल व्यावसायीक आम्दानी अघिल्लो आर्थिक वर्ष २०७८/७९ को सोही अवधिको तुलनामा महत्वपूर्ण रुपमा अभिबृद्धि भएको छ । त्यसै गरी कम्पनीको स्वामित्वमा सञ्चालित नेपालको ख्याती प्राप्त, अन्तर्राष्ट्रिय स्तरको एयरलाइन्सहरुका उडानहरुमा इन्फ्लाइट क्याटरिङ सेवा प्रदायक महाशाखा दी सोल्टी गेट गुरमेट डिभिजनका व्यावसायीक गतिविधिहरुमा समेत उल्लेख्य कार्यसम्पादन प्रगति भएको छ ।

(ख) आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिकको समीक्षा अवधिको अन्त्य अर्थात ३१ डिसेम्बर २०२२ सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्ष २०७८/७९ को सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा लगभग ११४ प्रतिशतको महत्वपूर्ण अभिबृद्धि भएको छ । चालु आर्थिक बर्ष २०७९/८० को समीक्षा दोश्रो त्रैमासिक अवधिको २०२२ जुलाई १७ देखि ३१ डिसेम्बर २०२२ सम्मका वित्तिय विवरणका नतिजा तथा कार्यसम्पादनका सूचांकहरुलाई विश्लेषण गर्दा होटेलका कार्यसम्पादनका तथ्यांकहरु उल्लेख्य तथा अत्यन्त उत्साहजनक रहेका छन् । यद्यपी गत आर्थिक वर्ष कोरोना भाइरस कोभिड–१९ को संक्रमणबाट पर्यटन प्रभावित वर्ष रहेकोले दुई आर्थिक वर्ष बीच उचित र निश्पक्ष तुलनात्मक अध्ययन गर्न सम्भव छैन ।

समीक्षा त्रैमासिक अवधिमा कम्पनीको कार्यसम्पादन, होटेल संचालन तथा व्यवस्थापन सम्बन्धी गतिविधिहरु कुशलतापूर्वक, व्यावसायीक रणनीतिक कार्ययोजना अनुसार संचालित रहे । कम्पनीको जस्तोसुकै प्रतिकुल परिस्थितिमा पनि दृढताका साथ कार्यकुशलता प्रदर्शन गर्ने, व्यवस्थापकीय निपूर्णता, व्यवसायीक दक्षता तथा कार्यक्षमता प्रदर्शन गर्ने सबल व्यवस्थापनको कार्यदक्षता र व्यवसायिक व्यवहार निरन्तर जारी रह्यो । कम्पनीको उच्च व्यवस्थापन, सम्पूर्ण कर्मचारीहरुको पूर्ण सहयोग, समर्थन र व्यावसायीक परिपक्वताको प्रदर्शन कायमै रह्यो ।

समिक्षा त्रैमासिक अवधिमा कम्पनीको खर्चहरुमा पूर्णतः मितव्ययीता अपनाई अनावश्यक तथा तत्कालका लागि आवश्यक नभएका खर्चहरुमा कटौति गर्ने, शसक्त बजार व्यवस्थापन, सुदृढ उच्च व्यवस्थापन तथा होटल व्यवस्थापनका सबै आयामहरुलाई चुस्त तथा दुरुस्त पारिएको छ र सो कार्य निरन्तर जारी रहनेछ । चालु आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधिको अन्त्यमा कम्पनीको कार्यसम्पादनका नतिजाहरु उत्साहजनक रहेका छन् । कम्पनीले होटेल व्यवस्थापनका लागि आवश्यक सबै व्यावसायीक तथा रणनीतिक कार्यहरुलाई आगामी दिनहरुमा पनि निरन्तरता दिनेछ ।

(ग) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता रणनीतिक कार्यक्षमता र व्यवस्थापकीय सुझबुझका साथ व्यावसायीक कार्यसम्पादन गर्ने कार्यदक्षताका कारण कम्पनीको मौज्दात, कार्यशील पूंजी र तरलताको अवस्था राम्रो अवस्थामा रहेका छन् ।

(घ) आर्थिक वर्ष २०७९/८० को आगामी तेश्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा विश्व पर्यटनका गतिविधिहरुमा समेत उल्लेख्य रुपमा अभिबृद्धि भई विश्वको अन्तर्राष्ट्रिय पर्यटन आवागमनमा समेत महत्वपूर्ण बृद्धि भईरहेको तथा विश्वका अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक एयरलाइन्सहरुका अन्तर्राष्ट्रिय व्यावसायीक उडानहरु नियमित रुपमा संचालिन हुन थालेको र चीनले समेत वायुसेवाका उडानहरु नियमित गर्ने समाचार आईरहेको परिप्रेक्ष्यमा नेपालको पर्यटनले पनि गतिलिने अपेक्षा गर्न सकिन्छ ।

आर्थिक वर्ष २०७९/८० को आगामी तेश्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायीक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्बन गरी आम्दानी अभिबृद्धि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा सूक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरुको कुशलतापूर्वक संचालन जारी राख्नेछ ।

(ङ) समीक्षा अवधिमा केही बाहेक नेपालतर्फ उडान भर्ने चीन बाहेक प्रायः सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक एयरलाइन्सहरुका अन्तर्राष्ट्रिय हवाई उडानका गतिविधिहरु संचालनमा रहे । होटेलमा पर्यटक आगमन सन्तोषजनक रह्यो तथा प्रितिभोज तथा विवाह समारोहहरु (बैंगक्वेट) खण्डका गतिविधिहरु निरन्तर आयोजित भए । आगामी तेश्रो त्रैमासिक अवधिमा पनि सोहि अनुसार पर्यटन बजार बिस्तार तथा विश्व पर्यटन बजारका विभिन्न खण्डहरुमा होटेलको पहुँच सुनिश्चित गर्दै होटेलका व्यवसायिक गतिविधिहरु जारी रहनेछन् ।

कम्पनीले समीक्षा दोश्रो त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययीता अपनाउदै व्यवसायमा आईपर्ने र कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनीकरण गर्दै कुशल व्यवस्थापकीय रणनीतिका साथ व्यवसायको सुक्ष्म व्यवस्थापनमा होटेल संचालन तथा व्यवस्थापन गर्ने नीतिलाई कठोरताका साथ पालना गरेकोछ ।

साथै, आगामी तेश्रो त्रैमासिक अवधिमा पनि वर्तमानमा अंगीकार गरेको स्थापित व्यवसायिक नीति तथा रणनीतिहरुलाई कायम राख्दै सापेक्षरुपमा आगामी तेश्रो अवधिको होटेलको आम्दानी अभिबृद्धि गर्ने, खर्चहरुमा अपेक्षित मितव्ययीता अपनाउने जस्ता नियन्त्रणात्मक र कारगर गतिबिधिहरु कडाई तथा दृढताका साथ लागु गर्दै शसक्त व्यवस्थापकीय कार्यकुशलता तथा कार्यदक्षताका साथ कम्पनीको व्यावसायिक गतिविधिहरु संचालन तथा व्यवस्थापनमा पूर्णतः ध्यान केन्द्रित गर्नेछ ।

## ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

## ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७९/८० को पौष मसान्त २०७९ मा अन्त्य भएको दोश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०७९/८० (२०२२/२३) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| दोश्रो त्रैमासिक (२०७९ पौष मसान्त) | २३९/७० | २००/१० | २२२ | ५३ | ५,७७८ | २,०३१,८६९ |

## ५. समस्या तथा चुनौती

(क) समस्याहरुः तथा चुनौतीहरुः

आन्तरिक

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

बाह्य:

(१) विश्वव्यापी रुपमा फैलिने स्वास्थ्य सम्बन्धी संक्रामक रोगहरु (भाईरस) बाट पर्ने व्यावसायीक प्रतिकुलताहरु ।
(२) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(३) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(४) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
(५) विदेशी विनिमय दर (अमेरिकी डलर र युरो) मा हुने अप्रत्याशित परिवर्तन ।
(६) उर्जा, बिद्युत, इन्धन तथा तत्सम्बन्धी औद्यौगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य वृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) नयाँ होटेलहरुको संचालन पश्चात देखापरेको र पर्न सक्ने बढ्दो होटेल कोठा आपूर्ति तथा पर्यटन बजारको मागमा आएको उच्च असन्तुलनबाट व्यवसायमा पर्न सक्ने प्रभाव ।
(८) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्युनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(९) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपद् तथा प्रकोपहरुको प्रभाव ।

(ख) रणनिति

प्राकृतिक विपद तथा महामारी जस्तो दैवी प्रकोपको कारण निम्तिन सक्ने अप्रत्याशित तथा अनिश्चित प्रतिकुल परिस्थितिबाट बचाउन वा रोकथामको लागि सरकारबाट जारी गरिने आवश्यक वैधानिक प्रतिबन्धात्मक उपायहरुबाट पर्यटनमा पर्ने प्रतिकुल परिस्थितिहरुमा पनि बैधानिक पूर्ण अनुपालनाहरुका साथ होटेल संचालन सम्बन्धी व्यावसायीक गतिविधिहरु संचालन गर्दै होटेलका पूर्वाधार संरचना र सुविधाहरुलाई पूर्ण क्रियाशिल राख्ने कार्यकुशलताका रणनीतिक कार्ययोजनाको तर्जुमा गर्ने ।

संचालन खर्च घटाउनको लागि अपनाउनु पर्ने सबै व्यवसायीक रणनीतिक, नीतिगत तथा व्यवसायीक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गरी होटेलको संचालन तथा व्यवस्थापन न्यूनतम खर्चमा गर्ने, कर्मचारी तथा सोसंग सम्बन्धित खर्चको मितव्ययीता गर्ने लगायत अन्य अनावश्यक खर्चहरुलाई समेत कटौति गर्ने र होटेललाई प्रतिकुल परिस्थितिमा पनि अनुकुल बातावरण बनाई आय आर्जनमा अभिबृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकता दिईएको छ ।

## ६. संस्थागत सुशासन

### संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।
(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।
(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।
(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 31 DECEMBER 2022, THE SECOND QUARTER OF THE FISCAL YEAR 2079/080 (2022/23)

| PARTICULARS | Up to This Quarter ending on 31 December, 2022 (Unaudited) | Up to this Quarter ending on 30 September 2022 (Unaudited) | Corresponding Previous year Quarter ending on 31 December 2021 (Unaudited) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 31 DECEMBER 2022** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 1,670,846,119 | 1,637,605,772 | 1,461,861,924 |
| Intangible Assets | 630,479 | 724,844 | 827,173 |
| Investment Property | 88,269,513 | 88,764,782 | 90,248,684 |
| Deferred Tax Assets | - | - | 1,141,316 |
| Investments | 290,689,670 | 290,689,670 | 283,895,258 |
| Trade and Other Receivables | 41,995,676 | 41,405,940 | 41,112,625 |
| **Total Non-Current Assets** | **2,092,431,457** | **2,059,191,008** | **1,879,086,980** |
| **Current Assets** | | | |
| Inventories | 101,906,757 | 107,051,744 | 82,057,865 |
| Income Tax Receivable | - | 19,330,934 | 31,619,233 |
| Trade and Other Receivables | 332,110,405 | 274,629,065 | 186,164,533 |
| Prepayments | 9,255,117 | 4,098,851 | 7,550,646 |
| Cash and Cash Equivalent | 141,807,757 | 39,298,196 | 64,048,248 |
| **Total Current Assets** | **585,080,036** | **444,408,790** | **371,440,525** |
| **Total Assets** | **2,677,511,493** | **2,503,599,798** | **2,250,527,505** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and Reserves and Surplus** | | | |
| Share Capital | 842,579,730 | 842,579,730 | 842,579,730 |
| Retained Earnings and Reserves | 1,138,183,408 | 998,751,212 | 638,698,092 |
| **Total Equity** | **1,980,763,138** | **1,841,330,942** | **1,481,277,822** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 9,050,300 | 9,150,591 | 10,582,100 |
| Employee Benefits | 120,615,650 | 123,487,198 | 142,656,795 |
| Deferred Tax Liabilities | 16,786,738 | 16,786,738 | - |
| Trade and other payables | 21,576,320 | 22,091,609 | 29,318,212 |
| **Total Non-Current Liabilities** | **168,029,008** | **171,516,136** | **182,557,107** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 51,098,303 | 65,268,655 | 213,576,453 |
| Employee Benefits | 81,098,936 | 43,265,854 | 34,777,340 |
| Income Tax Payables | 10,049,462 | - | - |
| Trade and other payables | 386,472,646 | 382,218,211 | 338,338,783 |
| **Total Current Liabilities** | **528,719,347** | **490,752,720** | **586,692,576** |
| **Total Liabilities** | **696,748,355** | **662,268,856** | **769,249,683** |
| **Total Equity and Liabilities** | **2,677,511,493** | **2,503,599,798** | **2,250,527,505** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED ON 31 DECEMBER 2022** | | | |
| Revenue | 960,146,893 | 413,273,195 | 447,869,965 |
| **Total Revenue** | **960,146,893** | **413,273,195** | **447,869,965** |
| Consumption of Food and Beverages | 158,455,816 | 66,700,175 | 99,047,096 |
| Employee Benefit Expenses | 211,450,709 | 90,913,050 | 132,792,681 |
| Operating Expenses | 123,658,928 | 53,459,399 | 67,254,235 |
| Depreciation and Amortization Expenses | 56,191,670 | 25,541,668 | 51,291,084 |
| Administrative & Other Expenses | 104,124,410 | 49,765,359 | 45,061,039 |
| **Total Expenses** | **653,881,533** | **286,379,651** | **395,446,135** |
| **Profit/(Loss) from Operation** | **306,265,360** | **126,893,544** | **52,423,830** |
| Finance Cost | 2,396,379 | 260,306 | 3,389,825 |
| **Profit/(Loss) Before Taxes** | **303,868,981** | **126,633,238** | **49,034,005** |
| Provision for Tax | 52,430,341 | 14,626,793 | - |
| **Net Profit/(Loss) After Tax** | **251,438,640** | **112,006,445** | **49,034,005** |

**Note: The above Financial Statement presentation is subject to change at the time of Statutory Audit or changes made by the Regulatory Authority, if any.**